# राम्रो तरीका निर्देशिक नं.२

क्षेत्रीय जलचर श्रोतहरुको व्यवस्थापनमा सहयोग

## सर्वसम्मति (मतैक्य) निर्माण प्रकृया

### सर्वसम्मति भनेको के हो ?

जब हामीले मानिसहरुलाई सर्वसम्मति भन्नाले के बुझ्नु हुन्छ भनेर सोध्यौं उनीहरुको भनाई यस्तो रहृयो :

- समुदायका मानिसहरुको समूहहरु वीचमा विभिन्न विचाहरु उपर छलफल गरेर ( आफ्नो राम्रो अवस्था बनाउन) एउटा निश्चित विचारमा सहमत हुनु हो ।
- वर्तमान अवस्थाबाट राम्रोतर्फ अगाडि बढ्न एउटा सहमति वा बुझाइको आदान प्रदान हो ।
- मानिसहरुको एउटा समूहद्वारा एउटा निश्चित समस्या उपर विभिन्न दृष्टिकोण र विचारहरुको मन्थनबाट एउटा साझा निर्णय लिनु हो ।



सम्मति वा मतैक्य भन्नाले कुनै सोचाइ, दृष्टिकोण वा विचारमा साझा बुझाइमा पुग्नु हो ।

त्यसकारण सर्वसम्मति मतैक्य) निर्माण भनेको

एउटा विषय वा समस्याको बारेमा विभिन्न दृष्टिकोण र विचार भएका व्यक्तिहरुले आपसमा छलफल गरी एउटा साझा निर्णयमा पुग्ने प्रकृया हो ।

## मतैक्य निर्माण प्रक्रियाका सम्बन्धमा

दु:खी र पछाडि परेका समुदायहरूको उत्थान गर्न धेरै मानिसहरूले कडा कार्य गरिरहेका छन् । सरकारी निकायहरू गैरसरकारी संस्थाहरू र विकास आयोजनामा कार्य गर्नेहरूसंग पनि धेरै क्षेत्रमा विशेषज्ञता छ

म चाहान्छु मैले के कस्ता चुनौतीहरू सामना गरिरहेछु अरू मानिसहरूले पनि थाहा पाउन्

मछुवार र कृषकहरूसंग पनि आफ्नो जीवनको अनुभवको आधारमा उनीहरूको अवस्था र त्यसलाई सुधार गर्न के गर्नुपर्छ भन्ने कुरामा विशेषज्ञता छ ।

यदि हामीले सबैका कुरा सुन्यौ भने सबैलाई फाइदा हुने गरी समस्या समाधानको शुरुवात गर्न सक्छौं ।



अहिले मैले बढी सहयोगी पाएको छु

मछुवारहरू र कृषकहरूले आफ्नो जीवन पद्दतिका बारेमा बताएका कथाहरू भनाइहरूले उनीहरूको गहिरो अनुभवहरूलाई बुझ्न हामीलाई मद्दत गर्दछन् । यसले देशका नीति निर्माताहरूलाई गरीब, पिछडिएका जाती जनजाती, बच्चा, महिला, पुरुष, युवा र समुदायको चाहाना र जीविकोपार्जनका कठीन रणनीतिहरू बुझ्न मद्दत गर्दछ । कृषकहरू र मछुवारहरूले नीतिगत परिवर्तनका लागि छलफल गर्न महत्वपूर्ण हुने सूचनाहरू उपलव्ध गराउन सक्दछन् ।

मतैक्य निर्माण प्रक्रियाले देशको विकासको मूलधार भन्दा बाहिर रहेका गरीवहरूको कथा सुन्ने र तिनीहरूको अवस्था सुधार गर्न नीतिगत परिवर्तन गर्ने अवसरको सिर्जना गर्दछ ।

## सर्वसम्मति (मतैक्य ) निर्माण प्रक्रियाले कसरी काम गर्छ ?

स्ट्रिमको गरीव जनताको लागि मत्स्य सेवा पुऱ्याउने नीतिगत सुधार अध्ययन आयोजनामा जनजातीहरूलाई मत्स्य व्यवसाय अपनाउन सहयोग गर्न जनजाती समुदायहरूका सदस्यहरू, अनुसन्धानकर्ताहरू, नीति निर्माताहरू र अन्य गरी धेरै सरोकारवालाहरूलाई कार्यक्रममा सहभागी गराइयो

विभिन्न मानिसहरूसंग एक आपसमा बाभि्कने फरक फरक अवधारणाहरू हुन सक्छन् के उपलब्धि हासिल गर्ने कसरी गर्ने, प्रकृयाहरू के हुने, कसकसलाई सहभागी गराउने, कसरी सहयोग गर्ने जस्ता विषयहरूमा फरकपन हुन सक्छ । स्ट्रिमले सबैका भनाइ र विचारहरूलाई समेट्न सर्व सम्मति (मतैक्य) निर्माण प्रक्रियालई अवलम्बन गऱ्यो ।

यो प्रकृयामा विभिन्न समूहका सदस्यहरू जसलाई आफ्नो समूहको सदस्यहरू थाहा हुन्छ, उनीहरूले एक्ला एक्लै काम गर्दछन् । हामीले पहिलो खुड्किलाको रूपमा नीति निर्माताहरूलाई नीतिगत परिवर्तनको लागि उनीहरूका विचारहरू व्यक्त गर्न भन्यौं । यसले केही समान धारणा र विरोधी धारणाहरू प्राप्त गर्न मद्दत पुग्यो ।

कार्यक्रम संयोजनकर्ताले सबैका विचारहरू जम्मा गरेर सहभागीहरूलाई दिएर प्राप्त विचारहरू उपर प्रतिकृया व्यक्त गर्न भने । यस प्रकृयामा सहभागीहरू सबैले आ आफ्नो प्रतिकृया दिए र अन्तमा सबै केही कुरामा सहमत भए केहीमा असहमत र कतिपयले आफ्ना धारणाहरू परिवर्तन गर्न पनि राजी भए ।

यस प्रकृयामा जम्मा  गरिएका धारणाहरू सबै सहभागीहरूले स्विकार गर्नु पर्छ । यदि कसैले स्विकार गर्न नसकेमा त्यसको सट्टामा अर्को राम्रो  तर्क दिएर अरूलाई संभ्काउन सक्नु पर्छ ।

हामीले संचालन गरेको कार्यक्रममा नीति निर्माताहरूलाई ४२ वटा परिवर्तन गर्नुपर्ने नीतिहरूको प्राथमिकता तोक्न भन्यौ । यस प्रक्रियाद्वारा नीतिगत परिवर्तनका लागि १३ वटा सुभ्कावहरू तयार गरियो ।

### सर्वसम्मति निर्माण प्रक्रिया भित्र .........

.....मानिसहरूलाई आफ्ना अवधारणहरू व्यक्त गर्न सहयोगात्मक र रचनात्मक वातावरण उपलब्ध गराइन्छ ।

एकै ठाउँ र गाउँका मानिस र संस्थासंग कार्यरत सरोकारवालाहरूको बीचमा सर्वप्रथम विश्वासिलो सम्वन्ध कायम गरिन्छ र त्यसलाई निरन्तरता दिइन्छ ।



...सबैले समान रूपमा भाग लिन सक्ने गरी कार्यक्रम तय गरिन्छ ।

.......आफना अवधारणाहरु राख्न र बुभ्कन समय प्रदान गरिन्छ । जस्तै सबैले बुभ्कने गरी प्रस्तुत गर्ने, डकुमेन्टीहरू प्रदर्शन गर्ने, नाटक प्रदर्शन गर्ने आदि ।

.... नीति निर्माण र निर्णय प्रक्रियामा भाग लिन नपाएकाहरूलाई पनि समावेस गरिने भएकाले गरीवी निवारणका नीतिहरूमा सुधार गर्न सकिन्छ ।

....गरीबहरूका भनाइहरूलाई ध्यान पूर्वक सुन्ने काम गरिन्छ

....मानिसहरूलाई आफनो कार्य स्थलबाट अर्को स्थानमा छलफल गर्न लगिने हुनाले श्रेणीगत अवधारणा हराउँछ र सबैले एक आपसमा स्वतन्त्रपूर्वक विचारहरू आदान प्रदान गर्न पाउँछन् ।

# सर्व सम्मति निर्माण प्रक्रियाका सात खुड्किलाहरु




## १ स्थानीय स्तरमा छलफल

कृषक र मछुवारहरूसंग छलफल

- कृषक समूहहरू र ग्रामिण सहकारीहरूसंग बैठक
- गा.वि.स. र नगरपालिका तह गोष्ठी
- जिल्ला, राज्य र प्रान्तिय तहको गोष्ठी

## २. मुद्दा र बुदाहरु संकलन

समुदायले प्राथमिकीकरण गरेका मुद्दाहरूको सूची तयार

## ३ नीति निर्माताहरुद्वारा प्राथमिकीकरण

समुदायबाट संकलित मुद्दाहरूको सूची विभिन्न तहका नीति निर्माताहरूलाई उपलब्ध गराएर उनीहरुलाई आफ्नो विचार अनुसार प्राथमिकीकरण गर्न लगाउने ।

## ४. संक्षेपीकरण

नीति निर्माताहरूले गरेको प्राथमिकीकरणलाई संक्षेपीकरण गर्ने

## ५. अन्तिम प्रस्तुति


मुद्दाहरूको प्राथमिकीकरण र संक्षेपीकरण गरी सकेपछि त्यसलाई कृषकहरू मछुवारहरू र नीति निर्माताहरू समक्ष प्रस्तुत गरेर अन्तिम छलफल चलाउने र सुझावहरू तयार गर्ने

## ६. नीति निर्माण

प्राप्त भएका सुझावहरूलाई नीतिमा परिवर्तन गर्ने

## ७. नीतिमा परिवर्तन







## महाजाल -माछा मार्ने ठूलो जाल

यी दृश्यहरु महाजाल नाटक प्रदर्शन गर्दाका हुन् । यो नाटक भारतका केन्द्रीय सरकारका नीति निर्माताहरुलाई स्थानीय जनताहरुले खेलेर देखाएका थिए । यो नाटकमा उनीहरुले ग्रामिण जनताहरुले आफ्नो जीविकोपार्जनको लागि भोगेका समस्याहरु प्रस्तुत गरेका थिए । यसको कथा सर्वसम्मति निर्माण प्रक्रियामा पहिलो चोटी प्रस्तुत गरिएको थियो

यसले गरीब मानिसहरुलाई नीति निर्माणमा चासो लिन सहयोग गऱ्यो । यो प्रक्रियाबाट प्राप्त १३ वटा सुझावहरुलाई नीति निर्माताहरुले स्विकार गरे ।

## सर्व सम्मति निर्माण प्रक्रियाका केही फाइदाहरु




एउटा समूहमा विभिन्न क्षेत्रका विविध व्यक्तित्व भएका व्यक्तिहरु हुने भएकाले समूह निर्णयमा पुग्न कहिले काँही अप्ठ्यारो हुन्छ । जस्तै समूहका कुनै सदस्य अरुलाई बोल्न नदिने खालका हुन्छन् र आफैमात्र बढी बोल्दछन् जसले गर्दा उनीहरुको कुरा मात्र बढी सुनिन्छ । कोही चाँही आफूभन्दा माथिल्लो तहका व्यक्तिहरुको अगाडि आफ्नो विचार व्यक्त गर्न धक मान्ने हुन्छन् ।

तर सर्वसम्मति निर्माण प्रक्रियाले भने समूह निर्णयका सकारात्मक पक्षहरुलाइ बढी अगाल्ने र नकारात्मक पक्षलाई केही हदसम्म हटाउने काम गर्दछ ।

## उपयोगी सम्पर्क

**अन्य राम्रा तरीका निर्देशिकाहरु**

यो श्रृंखलामा अन्य राम्रा तरीका निर्देशिकाहरु पनि छन् :तिनीहरु

- सूचनामा पहुंच अध्ययन
- स्व –सहयोगी समूह

तपाईले यसको र अन्य राम्रा तरीका निर्देशिकाहरुको अरु प्रतिहरु स्ट्रिम–नेपाल, स्ट्रिम क्षेत्रीय कार्यालय वा स्ट्रिम वेभसाइटबाट प्राप्त गर्न सक्नु हुन्छ ।

हामी तपाईको प्रतिकृयाको प्रतिक्षामा छौं । तपाईले नेपालको स्ट्रिम संचार व्यवस्थापकलाई फोन गरेर, इमेल पठाएर वा चिठी लेखेर प्रतिकृया दिन सक्नुहुन्छ ।

### स्ट्रिम नेपालको कार्यालय
कृषि सूचना तथा संचार केन्द्र
हरिहरभवन, ललितपुर
फोन : ५५२२२४८, ५५२५६१७ फ्याक्स : ५५२२२५८
इमेल : agroinfo@wlink.com.np

### स्ट्रिम क्षेत्रीय कार्यालय
मार्फत नाका (NACA)
मत्स्य विभाग भवन,
केसेटसार्ट विश्वविद्यालय
फाहोलिओथिन रोड
बैंखेन, बैंकक १०९०३
थाइलैण्ड
फोन :६६२५६११७२८/२९, फ्याक्सः ६६२५६११७२७
इमेल : stream@enaca.org

स्ट्रिम वेभसाइटः www.streaminitiative.org